# चौरजहारी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

रुकुम (पश्चिम भाग) ०८८-४०११४६,९८५७८२६१११

कर्णाली प्रदेश, नेपाल it0.chaurjaharimun@gmail.com


चौरजहारी नगरपालिका नगर कार्यपालिकाको कार्यालय चौरजहारी, रुकुम (पश्चिम भाग) कर्णाली प्रदेश, नेपाल २०७३

मितिः २०८३/०६/०१

पत्र संख्याः- २०८३/०८४

च.नं.

**विषयः कार्यक्रममा सहभागिताका लागि आवेदन पेश गर्ने सम्बन्धी सूचना !**

उपर्युक्त विषयमा कृषि विकास कार्यालय, रुकुम (पश्चिम भाग) को मिति २०८३/०५/२५ गते **प्रकाशित कार्यक्रममा सहभागिताका लागि आवेदन पेश गर्ने सम्बन्धिको सूचना** बमोजिम यस चौरजहारी नगरपालिकाभित्रका इच्छुक कृषि फर्म/ कम्पनी/ कृषक समूह/ कृषि सहकारी संस्थाहरूले सूचनामा उल्लेख भएका आवश्यक कागजातहरू र निवेदन सहित तोकिएको म्यादभित्र कृषि विकास कार्यालय, रुकुम (पश्चिम भाग) मा आवेदन दर्ता गर्नुहुन सम्बन्धित सबैका जानकारीका लागि अनुरोध छ। साथै प्रकाशित सूचना यसै साथ संलग्न राखिएको व्यहोरा समेत अनुरोध छ।

.................

सन्देश गिरी

नि.प्रमुख प्रशासकीय अधिकृत

नि. प्रमुख प्रशासकीय अधिकृत

कर्णाली प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
# कृषि विकास कार्यालय
## रूकुम (पश्चिम भाग)
कार्यालय कोड नं ३१०७१५९०२६
☎ ०८८-५३००१९

मिति: २०८३/०५/२५

पत्र संख्या: २०८३/०८४

सूचना नं:०१

विषय: कार्यक्रममा सहभागिताका लागि आवेदन पेश गर्ने सम्बन्धि सूचना !!!

कृषि विकास कार्यालय, रुकुम (पश्चिम भाग) को आर्थिक वर्ष २०८३।०८४ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत तपसिल अनुसारका कार्यक्रम संचालनका लागि यस जिल्लाका ईच्छुक कृषि फर्म/ कम्पनी/ कृषक समुह/कृषि सहकारी संस्थाहरुबाट कार्यक्रममा सहभागिताका लागि आवेदन पेश गर्न यो सूचना प्रकाशित गरिएको छ। सूचना प्रकाशन भएको मितिले ३० दिन (२०८३।०६।२३ गते) भित्र कार्यालय समयमा आवश्यक कागजातहरु संलग्न राखी मागको आवेदन पेश गर्न यसै सुचना मार्फत सूचित गरिन्छ। म्याद नाघी वा रित नपुगी प्राप्त हुनआएका निवेदनउपर कुनै कारबाही हुने छैन। थप जानकारीको लागी ०८८-५३००१९/ ९८५७८२७७७४ मा सम्पर्क गर्न हुन समेत जानकारी गराईन्छ।

तपसिल

| क.स. | कार्यक्रम/क्रियाकलापको नाम | बजेट (रु हजारमा) | कैफियत |
|---|---|---|---|
| १ | बिगतका आ.ब. हरुमा निर्माण भएका स्थायी प्लाष्टिक घरको मर्मत तथा संचालनका लागि प्लाष्टिक, विउ तथा समाग्रीहरु सहयोग कार्यक्रमहरु | ३०० | निरन्तर व्यवसाय संचालन गरिरहेका र सहयोगमार्फत व्यवसायीकता बृद्दि गर्न सक्ने सम्भावना भएकालाई प्राथमिकता दिईनेछ। |
| २ | फलफूल नर्सरी स्रोत केन्द्र स्थापना तथा विकास कार्यक्रम | १००० | स्कीन हाउस निर्माण कार्यलाई प्रथमिकता दिईनेछ। |
| ३ | मसलाबाली (लसुन/अदुवा/बेसार) ब्लक विकास कार्यक्रम | १००० | राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम अन्तर्गतको निरन्तरता कार्य्रक्रम। |
| ४ | नविनतम फलफूल (किवी,एभोकाडो, हलुवावेद, ड्रागन फ्रुट ) प्रवर्द्धन कार्यक्रम | १२००० | कृषि सम्बन्धी कार्यक्रम (संचालन तथा व्यवस्थापन) कार्यविधी बमोजिम हुने। |
| ५ | आँप लिची बगैचा स्थापना तथा विकास | १००० | |
| ६ | मसलाबाली (लसुन/अदुवा/बेसार) ब्लक विकास कार्यक्रम (निरन्तरता) | १००० | |
| ७ | मौरीपालन प्रवर्द्धन कार्यक्रम | ४५० | |
| ८ | बाली विशेष चक्लाबन्दी कार्यक्रम | १५०० | |
| ९ | प्याज मिसन कार्यक्रम | १००० | |

Email: akeruknw@gmail.com "व्यावसायिक र सिर्जनशील प्रशासन: विकास, समृद्धि र सुशासन" Web:adorukumwest.karnali.gov.np

लाल बहादुर भण्डारी
निमित्त कार्यालय प्रमुख

| क.स. | कार्यक्रम/क्रियाकलापको नाम | बजेट (रु हजारमा) | कैफियत |
|---|---|---|---|
| १० | भर्मिकम्पोष्ट बेड निर्माण तथा भर्मिकम्पोष्ट उत्पादन कार्यक्रम | ५०० | कृषि सम्बन्धी कार्यक्रम (संचालन तथा व्यवस्थापन) कार्यविधि बमोजिम हुने। |
| ११ | जलवायुमैत्री एग्रो-ईकोलोजिकल मोडल भिलेज स्थापना तथा विकास कार्यक्रम | ५०० | |
| १२ | निर्यातजन्य रैथाने बालीको मुल्यवान लोगो प्रवर्द्धन, ढुवानी, बजारीकरण, लेवलिङ्ग प्याकेजिङ सहयोग कार्यक्रम | ३०० | |
| १३ | तरकारी बिउ स्रोतकेन्द्र स्थापना तथा विकास कार्यक्रम | १००० | |
| १४ | ओखर बगैचा सुदृढीकरण कार्यक्रम | ७५२ | |

आवश्यक कागजातहरु:

१.अनुसूचि-३ बमोजिमको कार्यक्रम मागको निवेदन।

२.कृषक समूह/ सहकारी/ फर्म/ कम्पनीको हकमा संस्था दर्ताको परमाणपत्र, स्थायी लेखा नम्बर र कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि।

३.कृषक समूह/ सहकारी संस्था/ समितिको हकमा अनुदान माग गर्ने निर्णयको प्रतिलिपि।

४.जग्गाको क्षेत्रफल र स्वामित्व वा हकभोग खुल्ने प्रमाण पत्रको प्रतिलिपि।

५.नागरीकता प्रमाणपत्रको प्रतिलिपि।

६.प्रतिवद्धता पत्र तथा स्वघोषणा पत्र।

७.कार्यक्रम सम्बन्धि अन्य आवश्यक कागजातहरु।

८.अनुदानग्राहीले आवेदन संगै रु १ लाख देखि ५ लाख सम्म अनुदान माग गर्दा रु १००।-र सो भन्दा माथी अनुदान माग गरेमा रु ५००।- रुपैया बुझाएको भौचर कार्यालयमा पेश गर्नु पर्ने छ।

लाल बहादुर भण्डारी
निमित्त कार्यालय प्रमुख

कर्णाली प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

# कृषि विकास कार्यालय

## रुकुम (पश्चिम भाग)

कार्यालय कोड नं. ३१२०१५९०२६

☎ ०८८-५३००१९

पत्र संख्या: २०८३/०८४

मिति: २०८३/०५/२५

सूचना नं: ०१

**विषय: कार्यक्रममा सहभागिताका लागि आवेदन पेश गर्ने सम्बन्धि सूचना !!!**

कृषि विकास कार्यालय, रुकुम (पश्चिम भाग) को आर्थिक वर्ष २०८३।०८४ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत तपसिलको कार्यक्रम संचालनका लागि यस जिल्लाका ईच्छुक व्यवसायिक कृषक/कृषक समुह/कृषि सहकारी/ निजी फर्महरुबाट कार्यक्रममा सहभागिताका लागि आवेदन पेश गर्न यो सूचना प्रकाशित गरिएको छ। सूचना प्रकाशन भएको मितिले ३० दिन (२०८३।०६।२३ गते) भित्र कार्यालय समयमा आवश्यक कागजातहरु संलग्न राखी मागको आवेदन पेश गर्न यसै सुचना मार्फत सूचित गरिन्छ। म्याद नाघी वा रित नपुगी प्राप्त हुनआएका निवेदनउपर कुनै कारबाही हुने छैन। थप जानकारीको लागी ०८८-५३००१९/ ९८५७८२७७७४ मा सम्पर्क गर्न हुन समेत जानकारी गराईन्छ।

तपसिल:

| सि नं | आयोजना/कार्यक्रमकोनाम | न्यूनतम मापदण्डहरु | कैफियत |
|---|---|---|---|
| १. | जिल्लास्तरिय उत्कृष्ट कृषक पुरस्कार कार्यक्रम | १. खाद्यान्न बाली, फलफूल, तरकारी, आलु, मसलाबाली तर्फ न्यूनतम ५ रोपनी तथा सघन फलफूलमा २.५ रोपनीमा खेती गरेको हुनुपर्ने। सिताके च्याउः ५०० मुढा, कन्ने च्याउः वार्षिक १००० गोला उत्पादन गरेको हुनुपर्नेछ। मौरीपालन- ५० घार हुनुपर्ने।<br>२. एकपटक मुख्यमन्त्री सर्वोत्कृष्ट र उत्कृष्ट कृषक पुरस्कार प्राप्त गरिसकेका कृषकलाई ५ वर्षसम्म पुनः यस कार्यक्रममा सहभागी गराईने छैन। | ➢ प्रथम (सर्वोत्कृष्ट) पुरस्कार १ जना रु तीस हजार<br>➢ द्धितीय पुरस्कार १ जना रु पच्चीस हजार<br>➢ तृतीय पुरस्कार १ जना रु बीस हजार |

**आवश्यक कागजातहरु:**

१.कृषि तथा सहकारी सम्बन्धी कार्यक्रम (संचालन तथा व्यबस्थापन) कार्यविधि २०८१ को अनुसूचि-१८ अनुसारको निवेदन तथा पुर्ण विवरण भरिएको फाराम ।

२.नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि ।

३.तालिम, पुरस्कार तथा सम्मान सम्बन्धीका प्रमाण पत्रको प्रतिलिपि ।

४.जग्गाको क्षेत्रफल र स्वामित्व वा हकभोग खुल्ने प्रमाण पत्रको प्रतिलिपि।

५.सम्बन्धित वडा कार्यालय सिफारिस पत्र ।

६.खेती तथा व्यवसाय पुस्टयाई गर्ने रंगिन फोटाहरु ।

[illegible] बहादुर भण्डारी
निमित्त कार्यालय प्रमुख

कर्णाली प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

# कृषि विकास कार्यालय

## रुकुम (पश्चिम भाग)

कार्यालय कोड नं. ३२०१५१०२६

☎ ०८८-५३००१९

__आवश्यक कागजातहरु:__

१. कृषि सम्बन्धी कार्यक्रम (संचालन तथा व्यबस्थापन) कार्यविधि २०८२ को अनुसूचि-१२ अनुसारको निवेदन तथा पुर्ण विवरण भरिएको फाराम ।

२. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि ।

३. जग्गाको क्षेत्रफल र स्वामित्व वा हकभोग खुल्ने प्रमाण पत्रको प्रतिलिपि।

४. खेती तथा व्यवसाय पुस्टयाई गर्ने रंगिन फोटाहरु ।

५. संस्थागत हकमा संस्था दर्ताको प्रमाणपत्रको प्रतिलिपि, स्थायी लेखा नम्बर दर्ता प्रमाणपत्रको प्रतिलिपि, करचुक्ताको प्रमाणपत्र र उत्पादन रेकर्ड पुष्टि हुने कागजात ।

६. अन्य कुनैपनि कार्यक्रम वा निकायबाट एकै प्रकृतिको अनुदान प्रास नगरेको वा अनुदानमा दोहोरोपना नभएको स्थानिय तह वा वडा कार्यालयको सिफारिस ।

लाल बहादुर भण्डारी
निमित्त कार्यालय प्रमुख

कर्णाली प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

# कृषि विकास कार्यालय

## रूकुम (पश्चिम भाग)

कार्यालय कोड नं ३२०१५०२६

☎ ०८८-५३००१९

मिति २०८३/०५/२५

पत्र संख्या: २०८३/०८४

सूचना नं:०२

**विषय: कार्यक्रममा सहभगिताका लागि आवेदन पेश गर्ने सम्वन्धि सूचना !!!**

कृषि विकास कार्यालय रुकुम (पश्चिम भाग) को आर्थिक वर्ष २०८३।०८४ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत तपसिलको कार्यक्रम संचालनका लागि यस जिल्लाका ईच्छुक व्यवसायिक कृषक/कृषक समुह/कृषि सहकारी/ निजी फर्महरुबाट कार्यक्रममा सहभागिताका लागि आवेदन पेश गर्न यो सूचना प्रकाशित गरिएको छ। सूचना प्रकाशन भएको मितिले ३० दिन (२०८३।०६।२३ गते) भित्र कार्यालय समयमा आवश्यक कागजातहरु संलग्न राखी मागको आवेदन पेश गर्न यसै सुचना मार्फत सूचित गरिन्छ। म्याद नाघी वा रित नपुगी प्राप्त हुनआएका निवेदनउपर कुनै कारबाही हुने छैन। थप जानकारीको लागी ०८८-५३००१९/ ९८५७८२७७७४ मा सम्पर्क गर्न हुन समेत जानकारी गराईन्छ।

| सि नं | आयोजना/कार्यक्रमको नाम | न्यूनतम मापदण्डहरु | कैफियत |
|---|---|---|---|
| १. | प्रोत्साहन अनुदान कार्यक्रम (तरकारी/फलफूल/मौरी/अदुवा/बेसार) | १. तरकारी तथा मसलाबाली (अदुवा, बेसार) तर्फ न्यूनतम ५ रोपनी, फलफूल (आँप, लिचि, ओखर र एभोकाडो - ५० बोट, स्याउ, सुन्तलाजात - १०० बोट, किवी, केरा, ड्रागन फ्रुट - ५ रोपनी) हुनुपर्ने।<br>२. मौरीपालन तर्फ सेराना प्रजाती: २० घार (आधुनिक वा मुढे) गोला सहित, मेलिफेरा प्रजाती: ४० घार गोला सहित हुनुपर्ने ।<br>३. तरकारी तथा मसलाबाली (अदुवा/बेसार), फलफूल, मौरीपालन तर्फ अधिकतम पचास हजार रुपैंयासम्म उपलब्ध गराउन सकिने। | तरकारी तथा मसलाबाली (अदुवा/बेसार), फलफूल, मौरीपालन तर्फ अधिकतम पचास हजार रुपैंयासम्म उपलब्ध गराउन सकिने । |

लाल बहादुर भण्डारी
निमित्त कार्यालय प्रमुख